# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
## Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)


पत्र संख्या :- २०७३/७४
चलानी नम्बर :- ३५९

मिति :-२०७३।०६।०४

श्री अनुमतिपत्र प्राप्त सम्पूर्ण मर्चेन्ट बैंकरहरु ।

**बिषय :- व्यवस्था गर्ने /गराउने बारे ।**

महाशय,

उपर्युक्त सम्बन्धमा यस बोर्डको मिति २०७३।०६।०४ को निर्णयानुसार तहाँलाई देहाय अनुसारका व्यवस्था गर्न/गराउन अनुरोध गरिन्छ ।

१. संगठित संस्थाको प्राथमिक निष्काशन तथा नयाँ निष्काशनको क्रममा दरखास्त फारम लिन, दरखास्त फारम बुझाउन तथा रकम जम्मा गर्न संकलन केन्द्रको संख्या कम भई अनावश्यक भन्झट बेहोर्नुपरेको भनि लगानीकर्ताहरुबाट गुनासो आइरहेको सन्दर्भमा अर्थतन्त्र र जनसंख्याको केन्द्रलाई दृष्टिगत गरी सर्वसाधारण लगानीकर्तालाई सहज रुपमा फारम प्राप्त गर्ने तथा बुझाउन सक्ने गरी पर्याप्त मात्रामा संकलन केन्द्रहरुको व्यवस्था गर्ने । साथै प्रत्येक संकलन केन्द्रमा जेष्ठ नागरिक, अपाङ्ग तथा महिला लगानीकर्ताहरुको लागि सहज रुपमा अर्थात आवश्यक्तानुसार छुट्टै काउण्टर/लाइनको व्यवस्था गरी फारम भर्न सक्ने व्यवस्था गर्ने/गराउने ।

२. हकप्रद निष्काशनको क्रममा शेयरधनीको संख्या र ठेगानालाई आधारमानी शेयरधनीहरुको पहुँच हुने गरी संकलन केन्द्र तोक्ने र दरखास्त फारामको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाईटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सक्ने व्यवस्था मिलाउने ।

३. सर्वसाधारण लगानीकर्ताहरुबाट हकप्रद शेयर बापत प्राप्त हुने खण्डित शेयरको आवेदन गर्दा कतिपय संगठित संस्थाहरुबाट खण्डित शेयर भएका लगानीकर्तालाई पूर्णरुपमा आवेदन दिने व्यवस्था गरिएतापनि धेरै संगठित संस्थाहरुको खण्डित शेयर बापत प्राप्त हुने हकप्रद शेयर आवेदन गर्न नपाइएको भनी गुनासो प्राप्त भैरहेको सन्दर्भमा साविकका शेयरधनीको आफ्नो हक बापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत लिई आवेदन दिने व्यवस्था गर्न/गराउन र त्यसो गर्दा सम्बन्धित कम्पनीको पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गरिने व्यहोरा वार्षिक साधारण सभाबाट निर्णय गर्ने/गराउने ।

४. एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा समस्या भएको भन्ने गुनासोहरु प्राप्त भएको सन्दर्भमा निष्काशन तथा बिक्री प्रबन्धकहरुले लगानीकर्ताको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था मिलाउने ।

५. सर्वसाधारण लगानीकर्ताहरुबाट सार्वजनिक शेयर फाराम भरी चेक बुझाउँदा स-सानो रकमको चेकमा पनि क्लियरिङ्ग शुल्क लिने गरेको देखिएकोले सार्वजनिक निष्काशनहरुमा चेक लिंदा नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुपको क्लियरिङ्ग शुल्क मात्र लिने व्यवस्था गर्ने/गराउने ।

६. कतिपय संकलन केन्द्रहरुले एकाघर परिवारको फारामसाथ संलग्न एकाउण्ट पेयी चेक नलिएको भन्ने गुनासो प्राप्त भएको सन्दर्भमा एकाघर परिवारको दरखास्त फाराम समावेश गरी आवेदन दिएको अवस्थामा दरखास्तवालामध्ये कुनै एक व्यक्तिको खाताको एकाउण्ट पेयी चेक मार्फत रकम जम्मा गर्ने व्यवस्था गर्न र एकाघर परिवार बाहेक अन्य व्यक्तिहरुको नाममा भरेको फारामहरु एकै चेक मार्फत कडाईकासाथ नबुझने व्यवस्था गर्ने/गराउने ।

७. सार्वजनिक निष्काशनका क्रममा निष्काशन तथा बिक्री प्रबन्धकहरुले आफ्नो कार्यालयमा व्यवस्थित रुपमा दरखास्त लिने व्यवस्था गरेको देखिएता पनि अन्य कतिपय संकलन केन्द्रहरुमा व्यवस्थित रुपमा फाराम लिने व्यवस्था गरेको नदेखिएकोले आगामी दिनहरुमा पर्याप्त पूर्वाधारको व्यवस्था मिलाई संकलन केन्द्रहरुमा समेत व्यवस्थित रुपमा फाराम लिने व्यवस्था मिलाउने ।

८. जनशक्तिको महत्वलाई दृष्टिगत गरी मर्चेन्ट बैंकरहरुले आफ्नो नाफाको केही निश्चित प्रतिशत रकम मानव संशाधन विकासका लागि छुट्याउने व्यवस्था गर्ने र सो व्यवस्था गरेपश्चात बोर्डलाई जानकारी गराउने ।

९. कतिपय मर्चेन्ट बैंकरहरुले कर्मचारीहरुलाई आफुले प्रदान गर्ने सेवा सम्बन्धमा पर्याप्त तालिम दिएको नदेखिएकोले सेवाग्राहीलाई प्रदान गरिने सेवा चुस्त दुरुस्त नभएको भनी गुनासाहरु प्राप्त भएकोमा सो सम्बन्धमा मर्चेन्ट बैंकरहरुले सम्बन्धित कर्मचारीहरुलाई अनिवार्यरुपमा प्रशिक्षित गर्ने/गराउने ।

१०. कतिपय मर्चेन्ट बैंकरहरुमा जनशक्ति नियमसंगत रुपमा काममा नलगाईएको तथा कर्मचारी सेवा शर्त सम्बन्धमा स्पष्ट व्यवस्था नगरिएको गुनासा आएकोले कर्मचारी व्यवस्थापन कार्यलाई कानुनसम्मत गर्ने/गराउने ।

**बोधार्थ:**

१.श्री अध्यक्षको कार्यालय, नेपाल धितोपत्र बोर्ड ।
२.श्री नियमन तथा व्यवस्थापन विभाग, नेपाल धितोपत्र बोर्ड ।
३.श्री सुपरिवेक्षण तथा अनुसन्धान विभाग, नेपाल धितोपत्र बोर्ड ।
४.श्री नेपाल मर्चेन्ट बैंकर संघ, कमलादी, काठमाण्डौं ।

भवदीय,

(निरञ्जय घिमिरे)
उप-निर्देशक